# Sandrena®

(एस्ट्राडियोल हेमिहाइड्रेट)

# स्यान्ड्रेना ® जेल लगाउने तरिका

- खुराकसम्बन्धी आफ्ना स्वास्थ्य सेवा पेशाकर्मीहरूका निर्देशनहरू सधैँ पालना गरेर थप जानकारीका लागि बिरामी जानकारी पुस्तिका हेर्नुहोस्।
- जेललाई कोठाको तापक्रममा ( 25 डिग्री सेल्सियसभन्दा कम) राख्नुहोस्।



थैली च्यातेर खोल्नुहोस्।



तपाईंको शरीरको तल्लो भाग वा तिघ्राको सुक्खा, सफा छालामा जेल लगाउनुहोस्। प्रयोगको सतहको आकार एउटा हातको 1-2 गुणा हुनुपर्छ। हरेक दिन आफ्नो शरीरको फरक-फरक भागमा जेल लगाउनुहोस्। यो जेल केवल ट्रान्सडर्मल (छालामा लगाउने) प्रयोगका लागि हो।




लगाएपछि जेललाई केही मिनेट सुक्न दिनुहोस्। लगाउने ठाउँ 1 घण्टा भित्र धुनु हुँदैन।



स्यान्ड्रेना ® जेल तपाईंको तल्लो शरीर वा तिघ्रामा मात्र लगाउनु पर्छ। यो जेल स्तन, जननेन्द्रिय, अनुहार वा चिलाउने छालामा लगाउनु हुँदैन। आँखामा जेलको सम्पर्कबाट बच्नुहोस्।



लगाइसकेपछि हात धुनुपर्छ।



अन्य मानिसहरू वा घर-पालुवा जनावरहरूसँग प्रयोग गरिने क्षेत्रहरूको छाला-देखि-छालाको सम्पर्कबाट बच्नुहोस्। छालाको सम्पर्क अरूसँग हुने अपेक्षा गरिएको छ भने जेल सुकेपछि प्रयोग गर्ने ठाउँलाई कपडाले छोप्नुपर्छ वा सम्भावित छालाको सम्पर्क हुनुभन्दा पहिले नुहाउनु पर्छ।

**तपाईंलाई कुनै साइड इफेक्टहरू देखिए भने आफ्नो चिकित्सक, फार्मासिस्ट वा नर्ससँग कुरा गर्नुहोस्। यसमा प्याकेज हातेपर्चामा सूचीबद्ध नगरिएका सम्भावित साइड इफेक्टहरू समावेश छन्। तपाईंले साइड इफेक्टहरू सिधै मार्फत पनि रिपोर्ट गर्न सक्नुहुन्छ www.mhra.gov.uk/yellowcard मा पहेँलो कार्ड योजना साइड इफेक्टहरू रिपोर्ट गरेर तपाईंले यस औषधिको सुरक्षाको बारेमा थप जानकारी प्रदान गर्न मद्दत गर्न सक्नुहुन्छ।**

ATC 2025
Association of Translation Companies
Certified Translation produced by
Giraffe Translations
Member No.
2025ATCAC1293

मार्च 2025/HRT-11(2)i

ORION PHARMA
Orion Pharma (UK) Ltd, Abbey Gardens, 4 Abbey Street, Reading, RG1 3BA, UK